बर्दिया जिल्लाको वढैयाताल, जमुनीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना १२५ जना ग्राहक सदस्य तथा अभिभावकहरुको सहभागितामा २०७५ फागुन ७ गते वर्दिया जिल्लाको वढैयाताल गाउंपालिका वाड नं. ०२, जमुनीमा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका परस्पुर शाखा कार्यालयका प्रमुख श्री टोप बहादुर रास्कोटीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु कार्यक्रम अधिकृत श्री नवराज जोशी, श्री टोप बहादुर रास्कोटी श्री रमेश ठगुन्ना रहेका थिए ।

एक परिवारमा एक जनाउद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवादिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख/कार्यक्रम अधिकृत श्री नवराज जोशीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा शाखा कार्यालय परस्पुरका प्रमुख टोप बहादुर रास्कोटीले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा ब्यवस्थापनतथाकर्जा सदुपयोगिता, वित्तीयअनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम ब्यवस्थापन, बिमा, विप्रेषण सेवा, ब्यवसायिक योजना, ब्यवसायिक योजना बनाउँदा ध्यानदिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु, वर्तमान

अवस्थामा देखिएका चुनौतीहरु, विसंगतीहरु, आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको परस्पुर शाखाका शाखा प्रमुख टोप बहादुर रास्कोटीले बताएका थिए ।



निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ। संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो कर्जा लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेकोछ ।
कार्यक्रममा सानो डांफे महिला समुहकी अध्यक्ष सिमा तामाङ्गको सभापतित्व तथा वढैयाताल गाउंपालिका वाड नं. १ र ०२, का वाड अध्यक्ष द्धय क्रमश : शेर बहादुर थापा र काजीमन सुनार प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने अथितिमा क्षेत्रिय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृत नवराज जोशी, सक्षम संस्थाकी नेपालगञ्जकी प्रमुख प्रिया तामांग, ॐ शान्ति महिला जागृति सहकारी संस्थाकी प्रमुख शान्ति अधिकारी रहनुभएको थियो । उक्त कार्यक्रमको संचालन परस्पुर शाखाका कर्मचारी रमेश ठगुन्नाको संचालनमा भएको थियो ।

कार्यक्रममा दिप प्रज्वलन गरी वाड अध्यक्ष द्धय शेर बहादुर थापा र काजीमन सुनारले संयुक्तरुपमा उद्घाटन गरेका थिए । यस क्षेत्रमा निर्धन उत्थान लघुवित्तले दिएको सेवा सरह्रानिय भएको र लघुवित्त बाट कर्जा कारोवार गर्दा सदस्यहरुले सदुपयोग गरेर जानु पर्ने, लामो अवधिको वचत गर्दा भविश्य समुन्नत भएर जाने अध्यक्ष शेर बहादुर थापा वताउनुभयो । कुनै काम गर्छु भन्दा साहुमाहाजनले चर्को व्याज लिने ठुला बैंकहरुले वोर्डर क्षेत्रमा कर्जा लगानी नदिने अवस्थामा निर्धन उत्थान लघुवित्तले महिलाहरुलाई विनाधितोमा कर्जा दिएर यस क्षेत्रका जनतालाई ठूलो गुन लगाएको अध्यक्ष काजीमन सुनाले वताएका थिए। मन्तव्य दिने क्रममा सहभागीको तर्फबाट सरस्वती सुनार, मोति कुमारी सिंह, गोपाल बि.क., दुर्गा पुनले वित्तिय साक्षारता कार्यक्रमले सहभागी सवैमा भविश्यलाई कसरी उज्वल वनाउन सकिन्छ भन्ने वित्तिय चेतना अभिवृद्धि गरेको वताउंदै तालिममा सिकेका विषयवस्तुलाई व्यवाहारमा उतार्न सवैलाई अनुरोध गर्नुभयो ।

